परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक २९ २०८० फागुन २० गते आईतवार Sunday 3, MAR 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## भ्रष्टाचार विरुद्ध आन्दोलनको एक्लो अभियन्ता राजश्व कार्यालय अगाडी




विराटनगर । भ्रष्टाचार विरुद्धको आन्दोलनको एक्लो अभियन्ता विराटनगर महा नगरपालिका वडा नं. १० को कृष्ण कुमार अटल ९४ दिन देखि राजश्व कार्यालय विराटनगरको कार्यालय अगाडी भ्रष्टाचार विरुद्धका आन्दोलनको ब्यानर लिएर उभि रहेको छ ।

अटलले चारवाट मुख्य मागहरु ब्यानरमा उल्लेख गरेका छन् । माग नं. १. सबै प्रकारका प्रचलित कर खारिज गर, माग नं. २. बैकिङ्ग कारोवार कर प्रणाली बीटीटी लागु घर, माग नं. ३. एक सय भन्दा माथीका सबै मुद्रा प्रतिवन्धीत गर र माग नं. ४. प्राकृतिक सन्तुलन विग्रीनेगरी हुने सबै प्रकारका निर्माण कार्य बन्द गर रहेका छन् ।

मुलुकमा सब भन्दा बढी भ्रष्टाचार कर प्रणालीमै छ । त्यसैले सवै प्रकारको कर हटाएर बेकिङ्ग प्रणाली मार्फत एक प्रतिशत करण उठाउनु पर्छ वाँकी सम्पूर्ण कर खारेज गुर्न पर्छ अटलको माग छ ।

अटलले एक सय दिन सम्म राजश्व कार्यालय विराटनगरमा २ बजे देखि ४ बजे सम्म उभिन्छ । एक सय दिन पछि जिल्ला प्रशासन कार्यालय मोरंग अगाडी आफ्नो मागहरु राखेर उभिने छ ।

## गरिबी रहित नेपाल बनाउन सबैमा आग्रह

विराटनगर । जीवन विकास समाजको २६ औं वार्षिक साधारणसभाका प्रमुख अतिथि मोरङ क्षेत्र नम्बर ५ का सांसद योगेन्द्र मण्डलले गरिबी रहित नेपाल निर्माणको अभियानमा सम्पूर्ण नेपाली दाजुभाईलाई आग्रह गरेका छन् ।

२०५४ सालमा स्थापित जीवन विकास समाजका संस्थापक अध्यक्षसमेत रहेका मण्डलले संस्थाले समाजको समग्र क्षेत्रको विकासका लागि काम गरिरहेको बताए । समुदाय स्तरमा पुगेर संस्थाले वित्तीय सेवासँगै शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा गरेको कामबाट अरुले पनि सिक्नु पर्ने बताए । विपन्न र गरिब नागरिकलाई सहज रुपमा सेवा पुर्याउने उद्देश्यले समाजले सामुदायिक अस्पताल सञ्चालन गर्न लागेको उनले बताए ।

'गरिबले उपचार नपाएको र मृत्युपछि पनि पैसा नहुँदा लास निकाल्न नपाएको धेरै सुनेका छौं,' उनले भने,'जीवन विकासले सञ्चालन गर्ने अस्पतालमा विपन्नले निशुल्क उपचार पाउँछन्, अति विपन्नका लागि किरिया खर्च पनि दिने वातावरण बनाउँछौं ।' विपन्न परिवारका सदस्यको मृत्यु संस्कारमा सहयोग गर्न समाजमा किरिया खर्च म दिन्छु भन्ने अभियान चलाउने योजना रहेको उनले बताए । समुदायका सबै नागरिकको जीवन स्तर उकास्नका लागि बालबालिका लाई गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने उनको भनाई छ ।

वांकी अन्तिम पेजमा...

## भारतबाट तस्करी गरी ल्याएको समान नियन्त्रणमा लिदा स्थानीयसंग झडप

विराटनगर । तस्करी नियन्त्रण गर्ने विषयमा झापमाको मेचीनगर-७ गैरीगाउँका स्थानीय र सशस्त्र प्रहरीको विचमा झडप हुँदा ९ जना घईते भएका छन् ।

सीमा सुरक्षा गुल्म, काँकडभिट्टाका सशस्त्र प्रहरीका कोट मास्टर र चालकले शनिवार वेलुकी खुकुरीले हानेको स्थानीयले आरोप लगाएका छन् ।

विवाद भई झडप हुँदा खुकुरी प्रहारबाट दीपा बाँतर, हरि बाँतर, विशेष राजवंशी, मिलन चापागाईं, दीपक बातर र आनन्द यादव घाइते भएको थियो । घाइते मध्ये दीपा बाँतरको हातको औंला काटिएको छ भने हरि बाँतरको छातीमा गहिरो चोट लागेको छ । त्यसैगरी घटनामा तीनजना सशस्त्र प्रहरी घाईते भएका छन् । विशेष राजवंशी, मिलन चापागाई लाई उपचार का लागि बीएन्डसी अस्पताल विर्तामोड भर्ना गरिएको छ ।

घाइतेमध्ये सशस्त्र प्रहरीका एक जवानको अवस्था गम्भीर रहेको छ । सशस्त्र प्रहरीका प्रहरी सहायक निरीक्षक गणेश श्रेष्ठको कमाण्डमा तस्करीको सामान चेकजाँचको लागि सो क्षेत्र पुगेको टोलीले भारतबाट भन्सार छलेर नेपाल ल्याउँदै गरेको झण्डै १ लाख २० हजार बराबरको एक पोका लत्ताकपडा नियन्त्रणमा लिएपछि स्थानीयसँग विवाद भएको थियो ।

नेपाल-भारत सीमाको काँकडभिट्टास्थित ९०२-९०३ नम्बर सीमा स्तम्भ नजिक घटना भएको थियो। सशस्त्र प्रहरी बल नम्बर २ गण हेडक्वार्टरका एसपी कविन्द्र राईले तस्करी गर्ने समूहले प्रहरीमाथि आक्रमण गर्दा विवाद भई सामान्य हात हालाहाल भएको दाबी गरेका छन् । सशस्त्र प्रहरीमाथि घेरा हालेर स्थानीयले आक्रमण गर्न खोजेपछि घटना भएको राईले वताए ।

तस्करीको सामान ल्याउन सशस्त्र प्रहरी निरीक्षक

वांकी अन्तिम पेजमा...

खुशीको खबर ‼ खुशीको खबर ‼ खुशीका खबर ‼






क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## *भारतबाट...*

हरिप्रसाद रिमालको नेतृत्वमा थप ५ जनाको मोवाईल गस्ति टोली त्यस ठाउँमा खटिएर बरामद सामान बिओपिमा ल्याउने क्रममा स्थानीय र व्यापारीसहित दर्जनौं मानिसहरु भेला भएर सशस्त्रमाथि जाइलागेको राईले वताए ।

झडप भएको सूचनापछि थप मद्दतको लागि काँक डभिट्टाबाट सशस्त्र प्रहरी निरीक्षक कुशल राईको कमाण्डमा २३ जनाको टोली त्यस ठाउँ पुगेपछि प्रहरीले बल प्रयोग गरेको थियो । प्रहरीले गोली चलाउनुपर्ने अवस्था सिर्जना भएपनि संयमता अपनाएको डिआईजी पोखरेलले दावी गरेका छन् ।

सामान ल्याउने समूह र स्थानीयको ढुंगा प्रहारबाट सशस्त्र प्रहरीको गाडीको अगाडिको सिसा चर्केको र दाहिना साईडको साईड लाईटसमेत फुटेको थियो । सो समूहले गाडीमा आगजनी गर्ने प्रयास गर्नुको साथ बरामद भएको सामान खोसेपछि झडप भएको थियो ।

पीडितहरुले भने सशस्त्रले भाटैभाटाले कुटेपछि गाउँका मानिस भेला भएर पुग्दा ड्राइभरले गाडीबाट खुकुरी निकालेर प्रहार गरेको दावी गरेका छन् । घाइते हरि बाँतरका अनुसार प्रहरीले उद्दण्डता देखाएपछि घटना भएको थियो ।

## *गरिबी...*

त्यसैगरी कार्यक्रममा कोशी प्रदेशका प्रदेशसभा सदस्य गयानन्द मण्डलले जीवन विकासले समाज केन्द्रित काम गरिरहेको बताए । नेपाली समाजको आवश्यकता कृषि क्षेत्रको विकास रहेको बताउँदै उनले कृषि क्षेत्रको विकासका लागि काम गर्न आग्रह गरेका थिए ।

कटहरी गाउँपालिका अध्यक्ष देवराज चौधरीले जीवन विकास समाजले नागरिकलाई घरसम्म पुगेर सहज रुपमा प्रवाह गर्ने सेवाले राम्रो सन्देश दिने बताए । जीवन विकास लघुवित्तका प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डलले जीवन विकासले समुदायको हरेक समस्या सामदान गर्ने उद्देश्यसहित सेवा प्रवाह गरिरहेको बताए । दिगो विकासका लागि लघुवित्तले सोसियल बिजनेशको रुपमा काम गरिरहेको उनको भनाई थियो । जीवन विकास लघुवित्तका नायब प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मीले समाजको २६ वर्षको यात्रामा अनेकौं उतारचढाव व्यहोरेको बताए ।

गरिबी रहित नेपालको परिकल्पना सहित स्थापना भएको जीवन विकास समाजले शिक्षा, स्वास्थ्य, कृषि र वित्तीय क्षेत्रमा काम गरिरहेको छ । जीवन विकास समाजले वित्तीय सेवा प्रवाहका लागि जीवन विकास लघुवित्त वित्तीय संस्था सञ्चालन गरिरहेको छ ।

स्वास्थ्य क्षेत्रमा जीवन विकास पब्लिक हेल्थ सेन्टर सञ्चालन गरिरहेको समाजले एक सय बेड क्षमताको जीवन विकास सामुदायिक अस्पताल सञ्चालनको तयारी गरिरहेको छ । शिक्षा क्षेत्रमा जीवन विकास पब्लिक स्कुल सञ्चालन गरिरहेको समाजले समुदाय स्तरमा बालबालिका सिकाइ केन्द्र र बाल शिक्षा अध्ययन केन्द्र पनि सञ्चालन गरिरहेको छ । कृषि क्षेत्रमा समाजले प्राङ्गारिक मल उद्योग र बायोग्यास प्लान्ट सञ्चालन गरिरहेको छ ।

शिक्षा, स्वास्थ्य, कृषि र वित्तीय सेवालाई आधार बनाएर काम गरिरहेको समाजले सञ्चालन गरिरहेको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन एक सय वेड को अस्पताल सञ्चालनको तयारी भइरहेको छ ।

जीवन विकास समाजकी अध्यक्ष रिवोल देवी मण्डलले गरिबी रहित समाज निर्माणका लागि शिक्षा, स्वास्थ्य, वित्तीय क्षेत्रसँगै कृषि र रोजगारलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताइन् ।

सोही अवसरमा जीवन विकास समाजको साधारण सभाको अवसरमा पुराना र उत्कृष्ट कर्मचारी सम्मानित भएका छन् । समाजको साधारणसभामा जीवन विकास लघुवित्तमा २० वर्ष सेवा गरेका तीन जना कर्मचारीलाई सम्मान गरिएको थियो । लघुवित्तबाट २० वर्ष सेवा प्रवाह गरेका कर्मचारी सञ्जयकुमार साह, अन्जय कुमार मण्डल र रमेश रायलाई समाजका संस्थापक अध्यक्ष मण्डलले सम्मान पत्र प्रदान गरेको थियो ।

सोही कार्यक्रममा जीवन विकास समाजका कर्मचारी सन्तोषी साह, अभय मगर र सवारी चालक गणेश खड्का पनि सम्मनित भएका छन् ।

स्वास्थ्य क्षेत्र तर्फ जीवन विकास पब्लिक हेल्थ सेन्टरमा कार्यरत जगतबहादुर बस्नेत र अनु दाहाल सम्मानित भएका छन् । जीवन विकास मुनाफा वितरण नगर्ने संस्थाका कर्मचारी कुन्दन मण्डल तथा जीवन विकास पब्लिक स्कुलका प्रमोद मण्डल, सुनिताकुमारी चौधरी र उपेनकुमार मण्डल साधारण सभामा सम्मानित भएका छन् ।

# एकै दिनमा छियालीस प्रतिवादी पक्राउ

बिराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सुरक्षा सुनिश्चिता तथा फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत खटिएको प्रहरी टोलीले झापा, मोरङ र उदयपुर जिल्लाको बिभिन्न स्थानहरुबाट एकै दिनमा ४६ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरेको छ ।

सम्मानित मोरङ जिल्ला अदालतको फैसलाले बिभिन्न मुद्धाका फरार ब्यक्तिहरुको खोजतलासमा जिल्ला प्रहरी कार्यालय मोरङ तथा मातहत कार्यालयहरुबाट खटिएको टोलीले मोरङ जिल्लाका बिभिन्न स्थानहरु बाट एकैदिन बिभिन्न मुद्धाका ४१ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरेको थियो ।

त्यस्तै सोहि दिन जिल्ला प्रहरी कार्यालय झापा तथा मातहत कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले छुट्टाछुट्टै मुद्धाका ४ जना फरार प्रति वादीहरुलाई पक्राउ गरेको छ भने जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले सवारी ज्यान मुद्धाका फरार १ जनालाई पक्राउ गरेको छ ।

पक्राउ परेका उनिहरुलाई तोकिएको कैद तथा जरिवाना भुक्तानको लागि सम्बन्धित जिल्ला अदालतहरुमा उपस्थित गराईएको छ ।

**बालविवाह सामाजिक र कानूनी अपराध हो**

- बीस बर्ष नपुगी विवाह नगरौ र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरीवाना र कैद सजाय दुबै हुने कानुनी व्यवस्था छ ।

नेपाल सरकार, विज्ञापन बोर्ड




**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हच्चुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

**विराटनगर महानगरपालिकाको सूचना**

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।

**पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।**

- सुरक्षित पानी विऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा घोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# समस्या समाधान गरौं

नेपाली समाजमा पैचो समापटी लिने प्रचलन परापूर्वकाल देखि चल्दै आएको छ। त्यही पैचो सापटीबाट समाजमा कसैको रकम चलाए बापत त्यसको ब्याज दिने प्रचलन चल्दै आएको छ। परिवारमा सारोह गारोह परेको वेला साहु महाजनवाट लिएको रकमको बोलकबोल गरी बमोजिम रकम बुझाउँनु पर्छ। त्यही ब्याज अहिले समाजमा मिटर ब्याजीको रुपमा देखिएको छ। सारो परेको वेला साहुसंग रकम लिने र आफ्नो घर जग्गा साहुको नाममा गरि दिने, लिएको रकमको तीन गुना बढाएर तमसुक बनाई दिने, महिनै पिछे ब्याजलाई साबा बनाई दिने काम नै मिटर ब्याज हो। मिटर ब्याजीहरुले विगतमा मिटर ब्याज पिडितहरुले गरेको आन्दोलनले के सम्बोधन भएपछि त्यसमा केही समस्या समाधान नभएपछि पुन: मिटर ब्याज पिडितहरु काठमाण्डौ केन्द्रीत आन्दोलनमा उत्रेका छन्।

मेची देखि महाकाली सम्मका मिटर ब्याज पिडितहरु खाली खुट्टा यात्रा गरी काठमाण्डौमा पुगेपनि सरकारले केही वास्ता गरेको छैन। मिटर ब्याजबाट केही राहतको अपेक्षा गर्दै आन्दोलनमा होमिएको छ। मिटर ब्याजको पिडाले पिरोली रहेको आन्दोलन निष्कर्षमा नपुगुनजेल आन्दोलन जारी राख्ने भएको छ। मिटर ब्याजका कारण अनाहकमा धेरैले ज्यान गुमाई सकेको छ। मिटर ब्याजी साहुहरुले महिला र बालबालिकाहरुलाई अनाहकमा दु:ख दिई रहको छ। मिटर ब्याज पिडितहरु प्रति सरकार उदासिन देखिएको छ।

अहिले काठमाण्डौ केन्द्रीत देखिएको मिटर ब्याज पिडितका आन्दोलन, वित्तीय संस्था र सहकारीबाट पिडित भएकाहरुको आन्दोलनलाई समयमै सम्बोधन गर्न सरकार लाग्नु पर्छ। यी समस्यालाई समयमै समाधान गरिएन भने समाजमा ठूलो द्वन्द्व फैलिन सक्छ। किन भने एक लाख ऋणको सहुहरुलाई तीस लाख बुझाई सक्दा पनि ऋण चुक्ता नहुनाले मिटर ब्याज पिडितहरु आक्रोशित भएका छन्। आक्रोशले समाजमा द्वन्द्व फैलाउछ त्यसैले चाडो भन्दा चाडो मिटर ब्याजीको समस्या समाधान गर्नु सरकारको दायित्व हो।

# हिन्दु राष्ट्रका विरोधी र पक्षधरहरूले गरिरहेको गल्ती

जीवन क्षेत्री

केही समयअगाडि एक उदारवादी साथीले लेखे-मन्त्री सुदन किरातीले जे भने, ठिकै भने। उनले भनेका कुराहरूलाई काँटछाँट र तोडमरोड गरेर भाइरल गराएकाले अनर्थ लाग्न पुग्यो। उनले भनेझैं हामी सबै धर्म मान्न स्वतन्त्र छौं तर राज्यले कुनै धर्मलाई काखी च्याप्न मिल्दैन।

त्यसको केही दिनअगाडि मन्त्री किरातीले इसाइ धर्मावलम्बीहरूको जमघटमा गएर दिएको उत्तेजक भाषणको छोटो क्लिप भाइरल भएको थियो। पूरै भाषण पनि युट्युबमा प्रशस्तै मानिसहरूले हेरेका थिए।

साथीका कुरा पढेपछि हाम्रो अडिओ कार्यक्रम न्युजगफमा मैले भनें, 'यो हो हामी उदारवादीहरूको ब्लाइन्ड स्पट। त्यसका लागि मैले केही कारणहरू दिएको थिएँ।

पहिलो, किरातीले भाषणमा आफ्ना नेता पुष्पकमल दाहाल 'प्रचण्ड' लाई जिसस क्राइस्टसित तुलना गर्छन् र बारम्बार आफूलाई र प्रचण्डलाई जिसस मन पर्ने कुरा दोहोऱ्याउँछन्। एक नागरिकका रूपमा कसैले त्यस्तो विश्वास राख्नु र भन्नु अन्यथा होइन तर उनी त संघीय सरकारको प्रतिनिधि थिए भाषण गर्दै गर्दा। उनको भनाइ आफैंमा गलत वा असंवैधानिक थिएन तर हाम्रो संविधानको मर्मअनुसार पनि थिएन।

उनकै तर्कअनुसार भोलिका दिनमा नेपालमा पार्टी 'क' ले आफ्ना नेतालाई भगवान विष्णुजस्तो मान्ने, पार्टी 'ख' ले आफ्नो नेतामा भगवान अल्लाह देख्ने, अनि पार्टी 'ग' को कार्यकर्ताले नेतालाई जिससजस्तो देख्ने र त्यसै आधारमा के हाम्रो संविधानले यही परिकल्पना गरेको हो त ?

तत्कालीन नेकपामा खटपट हुँदा पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीले माडीको अयोध्यालाई रामको जन्मभूमि भनेर मानिसहरूको आस्थामाथि राजनीति गर्ने प्रयास गरे। हामी उदारवादीहरूले जमेर त्यसको प्रतिवाद गऱ्यौं। त्यसो हुनु पनि पर्थ्यो किनकि आस्था व्यक्तिले मान्ने कुरा हो, राजनीतिक एजेन्डा होइन।

त्यसैले कसैले कुनै पनि आस्थालाई मतदाता तान्ने सजिलो हतियारका रूपमा प्रयोग गर्छ भने त्यो गलत हो र गलतलाई गलतै भन्नुपर्छ भन्ने मेरो जिकिर थियो।

दोस्रो, नेपाल धर्म निरपेक्ष हुनुअगाडिको समयलाई इंगित गर्दै किराती भन्छन्-क्रिश्चियनलाई भेट्यो भने त सुर्ती माडेझैं माड्थ्यो।

जबकि यथार्थ त्यस्तो थिएन। नेपालका गाउँगाउँमा इसाइ धर्म फैलाउने काम मिसनरीहरूले पञ्चायतमै सुरू गरेका थिए। पञ्चायतको सुरूतिर वा सन् १९६१ मा नेपालमा जम्मा ४५८ इसाइहरू रहेकामा बहुदल आएको दशक बित्दा (सन् २००१ मा) त्यो संख्या १ लाख २ हजार पुगेको थियो। त्यो बेला नेपाल हिन्दु अधिराज्य थियो।

व्यहारत: नेपालमा त्यो बेला सबै नागरिक समान थिएनन् भन्ने साँचो हो। खास गरी दलितहरूमाथि छुवाछुत र भेदभाव चर्को थियो। मधेसीहरूप्रति पहाडका धेरै मानिसले नश्लभेदी व्यवहार गर्थे र बेलाबेलामा त्यो हिंसाका रूपमा समेत प्रकट हुन्थ्यो। २०५७ सालको ऋतिक रोशन प्रकरणले नेपालको सहनशील र सहिष्णु देश भन्ने छवि धराशायी बनाइदिएको थियो। आजका दिनसम्म पनि यी सबै समस्याहरू नेपाली समाजमा छन्।

यो पनि साँचो हो, दलित र आदिवासी जनजातिहरूले हिन्दु वर्णव्यवस्थामा अपनत्व महसुस गर्न नसकेकाले इसाइ धर्ममा जाने क्रम ती समुदायहरूमा बढी थियो।

तर त्यसको अर्थ राज्यले वा अर्को समुदायले इसाइ समुदायमाथि संस्थागत रूपमा निषेध र दमन गर्थ्यो भन्ने किमार्थ होइन। अर्को समुदायलाई 'सुर्ती माडेझैं माड्ने' भन्ने अभिव्यक्ति त त्यो बेलाको नेपाललाई जनाउन कसै गरे पनि उपयुक्त हुँदैन।

बरू त्यो अभिव्यक्तिले त नेपाललाई भन्दा विश्वभर इसाइ धर्म मान्ने शासकहरूले गत दुई हजार वर्षमा देखाएको व्यवहारलाई राम्रोसित जनाउँछ। अफ्रिकामा गएर युरोपेली साम्राज्यहरूले सवा करोड मानिसहरूलाई दास बनाएर किनबेच गरे, लाखौं मानिस रहेका सम्प्रदायहरूलाई आफ्नै थातथलोबाट नामेट गरिदिए, दसौं लाखलाई त अमानवीय अवस्थामा पानीजहाजमा कोचेरै मारे। त्यो पनि उनीहरूलाई नै धार्मिक र सभ्य बनाउने नाममा उनीहरूमध्येकै बेलायती उपनिवेशले भारतमा एकाध सय वर्ष शासन गर्दा त्यहाँको उद्यम र रोजगारी धराशायी बनाइदियो, मानिसलाई चरम गरिबी र दासताको अवस्थामा धकेल्यो। सन् १९४२ को बंगालको भोकमरीमा बेलायती प्रधानमन्त्री विस्टन चर्चिलको नश्लभेदी नीतिका कारण तीस लाख भारतीयहरूले भोकभोकै प्राण त्यागे।

मेरो विचारमा त्यस्तो दमन, निषेध र हिंसालाई भन्न मिल्छ सुर्ती माडेझैं माड्ने। संसारमा धर्मको विकासका क्रममा यस्तो हिंस्रकता कसरी विकसित भयो भन्ने विषयमा मैले एउटा भिडिओमा वविस्तारमा चर्चा गरेको छु।

तेस्रो, किरातीले त्यो भाषणमा एउटा उदाहरण पेस गर्छन् जसका शब्द हुबहु यस्ता छन्-हामी चाहन्छौं भ्यागुताले छिचिमिरा खाएझैं विजय भएको भए ख्याप्पै खाइहालिन्थ्यो। सर्पले भ्यागुता खाएजस्तो विजय हुन त बिस्तारै निल्नुपर्छ। यो वाक्यलाई उनले धेरै व्याख्या गर्दैनन् तर नेपालमा इसाइ धर्मको विस्तारका सन्दर्भमा उनले त्यसो भनेका हुन्।

यो भाषा पनि अफ्रिकामा उपनिवेश फैलाउँदै गरेका बेलायती वा स्पेनी साम्राज्यले डेढ सय वर्षअगाडि प्रयोग गर्ने भाषाभन्दा फरक छैन। सन् २०१५ मा आएको हाम्रो संविधानले यस्तो परिकल्पना गर्ने त कुरै छैन। हामीकहाँ व्यक्ति स्वेच्छाले धर्म परिवर्तन गर्न स्वतन्त्र छ तर लोभलालच वा करकापमा कसैको धर्म परिवर्तन गराउने छुट कसैलाई छैन।

मेरो जिकिर के भने, किरातीजस्ता मानिसहरूलाई यी कुराहरू बुझाइदिने कर्तव्य हामी उदारवादी बौद्धिकहरूको थियो। उनका यस्ता भनाइलाई सदर गर्ने हो भने हामीले आफ्नो बौद्धिककर्मको साख राख्न सक्दैनौं भनेर मैले न्युजगफ कार्यक्रममा भनेको थिएँ।

भारत र नेपालमा चलिरहेको हिन्दु राष्ट्रको राजनीतिबारे मैले एउटा भिडिओ शृंखला सुरू गरेको छु। त्यसको अन्ततिर किरातीको उक्त भाषणसमेत उद्धृत गरेर एउटा लामो आलेख लेख्ने मेरो योजना थियो।

तर कांग्रेस महासमितिको बैठकमा हजारभन्दा बढी सदस्यहरूले हिन्दु राष्ट्र माग गर्दै हस्ताक्षर गरेको भन्ने समाचार आएपछि अहिले नै यसबारे लेख्नुपर्छ भन्ने मलाई लाग्यो।

हिन्दु राष्ट्रका विरोधीहरूले गरिरहेका यी गल्तीबारे यति भनिसकेपछि पक्षधरहरूले गरिरहेका गल्तीहरूतिर जानुअगाडि म तीनवटा कुरा प्रस्ट गर्न चाहन्छु।

एक, अरू यावत् विषयमा झैं यो बहसमा पनि मानिस श्यामश्वेत रूपमा दुई कित्तामा बाँडिएका छैनन्। सामाजिक सञ्जालले तपाईंहरूलाई अन्यथा बुझाउन खोजे पनि यथार्थ यही हो।

यसको एउटा कित्ताको पल्लो छेउमा छन् सत्ता र राजनीतिक शक्तिका भोका ती मानिसहरू जो जुनसुकै मूल्यमा आफू सत्तामा पुग्न आतुर छन् र हिन्दुत्वबाहेक सत्तासम्मको भऱ्याङ बनाउन मिल्ने अरू कुनै एजेन्डा भेटेका छैनन्। तिनीहरूलाई अहिले भारतको सत्ता संस्थापनको सबै खालको दरो समर्थन छ।

त्यही कित्तामा लगत्तै भित्रपट्टि छन् हिन्दु राष्ट्रको एजेन्डामा खुलेर लागी नसकेका तर सानो बहाना पाए त्यता जान तम्तयार भएर बसेका राजनीतिक शक्तिहरू जोसित धेरथोर लोकप्रिय वैधता त छ तर विचारशून्यताको खाडल पुर्न जेको पछि लाग्न पनि उनीहरू तयार छन्। भोलिको नेपालमा 'लघुकटुतावर्णशंकरचौपटवाद' वा यस्तै अरू केहीको हावा चल्यो भने उनीहरू सर्लक्कै उतै जानेछन् र आफू कसरी त्यसको असली अनुयायी हो भनेर तर्क बुन्न थाल्ने छन्।

अझै बीचमा छ देशको ठूलो जनसंख्या जुन अहिलेको यथास्थितिप्रति रूष्ट छ, अहिलेका नेताहरूसित क्रुद्ध छ र अवस्थामा आम परिवर्तन भयो भने सुधार हुन्छ कि भनेर व्यग्र छ। जसलाई एजेन्डा विशेषप्रति लगावभन्दा पनि अवस्था कसरी फेरिएला भन्ने चिन्ता छ। खासगरी सामाजिक सञ्जालमा चौबीसै घन्टा आउने दुर्गा प्रसाईंजस्ता मानिसहरूका नाराले यो कित्तालाई प्रभावित गरिरहेको छ।

अनि अर्को कित्ताको पल्लो छेउमा छन् किरातीजस्ता मानिसहरू जसले बुझी वा नबुझी सुरूको हिन्दुत्ववादी कित्तालाई नै बल पुऱ्याइरहेका छन्। त्यो किनभने कुनै पनि अतिवादले प्रतिकारमा अर्को अतिवाद नै जन्माउँछ र बिस्तारै एकले अर्कोलाई झनै कठोर र आक्रामक बनाउँदै जान्छ। तबसम्म त्यो क्रम चल्छ जब समाजमा मध्यमार्ग निरस्त हुन्छ र द्वन्द्वको दुष्चक्र सुरू हुन्छ।

यहाँनेर उदारवादी बौद्धिकहरूको जिम्मेवारी त्यस्तो दुष्चक्र सुरू हुन नदिनु र भइसकेको भए रोक्ने प्रयास गर्नु हो र त्यसका लागि सबै खाले अतिवादको डटेर सामना गर्नुपर्छ भन्ने मेरो मान्यता हो।

दुई, आस्था र राजनीतिको विषयलाई लिएर कस्तो मत राख्नु सही वा गलत हो भनेर कतै ढुंगामा लेखिएको छैन। यो तपाईं हामी सबैले स्वविवेकले निर्णय गर्ने कुरा हो। मलाई वास्तवमै के लाग्छ भने माथिका दुई विरोधी कित्ताका पल्ला छेउमा हुने अतिवादीहरूबाहेक सबैले समाज र देशको भलो चाहन्छन्।

कसो गर्दा देशको भलो हुन्छ भन्ने बुझाइमा फेरि पनि अन्तर हुन सक्छ तर यो एजेन्डामा फरक मत राख्ने मानिसहरूको अत्यधिक हिस्साले देशको वा अर्को समुदायको कुभलो चिताएको हुँदैन। त्यसैले हामीले जति धेरै मानिसहरूलाई यी विषयमा सूसुचित गरेर आलोचनात्मक दृष्टिकोण विकास गर्न र कुनै टपरटुइँयाले भन्नासाथ कुनै अफवाह नपत्याउने बनाउन सक्छौं, समाजको ध्रुवीकरण उति नै कम हुन्छ। र, अतिवाद निरूत्साहित हुन्छ।

त्यसैले यस्ता विषयमा ध्रुवीकरण नबढाउने खालको सार्थक बहस अपरिहार्य छ। त्यो किन पनि भने सय वर्षअगाडि जर्मनीमा 'सबैको भलो' का लागि भनेरै मानिसहरू हिटलरको प्रोपागान्डातिर लहसिँदै गएका कारण त्यहाँ नाजी शासनको जन्म भएको थियो। त्यसैले सबैको भलो हुने भनेको के हो भन्ने कुरामै जमेर बहस हुनु आवश्यक छ।

आज नेपालको अवस्था मलाई कस्तो लाग्छ भने दक्षिणपन्थी अतिवादको एउटा कुनामा एकाध सय वा बढीमा हजार जना मानिसहरूले हिन्दु राष्ट्रको पक्षमा चर्को होहल्ला गरिरहेका छन् र सामाजिक सञ्जालहरूलाई रणनैतिक रूपमा प्रयोग गर्न सफल छन्। उनीहरू यस्तो भ्रम छर्न सफल छन् कि अबको चुनावमा जसले हिन्दु राष्ट्रको एजेन्डा बोक्छ, उसैले चुनाव जित्छ, बाँकी हार्छन्।

त्यसैले सानादेखि ठूला, नयाँदेखि पुराना सबै दलहरूमा नेतृत्वदेखि कार्यकर्ता तहसम्म अहिले एउटा हतारो छ-छिट्टै हिन्दुत्ववादी बनेर आउँदो चुनावमा जित हासिल गर्ने।

जबकि त्यो आकलन यथार्थभन्दा पूरै फरक छ।

प्रमाण-नयाँ संविधान आएयता नै राप्रपाले दुई आमचुनाव हिन्दु राष्ट्रको एजेन्डा अघि सारेर लडिसकेको छ। र, यसबीच भारतमा आमचुनाव नजिकिने बाहेक अरू कुनै उल्लेख्य परिवर्तन आएको छैन। अहिले हाउगुजी फैलाइएजस्तो अवस्था हुने हो भने त राप्रपाले उहिल्यै दुई तिहाई मत ल्याएर

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : **तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : **आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन** (क, कि, कु, घ, ङ, छ, के, को, ह) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टुटे) : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या** (टो, प, पी, पू, ष, ण, ठ, पे, पो) : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला** (रा, री, रु, रे, रो, ता, ती, तु, ते) : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्ने सम्भावना रहेको छ।

**वृश्चिक** (तो, ना, नि, नू, ने, नो, या, यि, यू): **आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु** (यो, भा, भी, भू, ध, फा, ढ, भे) : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर** (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी) : महिनाको पुर्वार्द्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन** (दी, दु, थ, झ, ञ, दे, दो, च, ची) : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# पत्रकार महासंघको संस्थापक अध्यक्षमा श्रेष्ठलाई कायम गरिनुपर्ने माग

राजेश कुमार राजवंशी

विराटनगर। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मोरङ शाखाले स्वर्गीय सत्यनारायण बहादुर श्रेष्ठलाई नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्ष कायम गरिनुपर्ने माग राख्दै ज्ञापनपत्र बुझाएका छन्।

फोनिजले मंगलबार नेपाल पत्रकार महासंघ मोरङका कार्यवहाक अध्यक्ष मोहन भट्टराई, सचिव नेत्र पी अधिकारीलाई भेटेर सात दिनको अल्टिमेटमसहित ज्ञापन पत्र बुझाएका हुन्।

फोनिज मोरंग अध्यक्ष दिनेश सुब्बाले सत्यनारायण बहादुर श्रेष्ठलाई नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्ष कायम गरिनुपर्ने माग राख्दै सात दिनको अल्टिमेटमसहित ज्ञापन पत्र बुझाएको बताए। फोनिजको माग प्रति नेपाल पत्रकार महासंघले बेवास्था गरेको खण्डमा केन्द्रको सर्कुलेसन अनुसार आन्दोलनमा उत्रिने उनले चेतवनी दिए।

ज्ञापन पत्र बुझ्दै नेपाल पत्रकार महासंघ मोरङका कार्यवहाक अध्यक्ष मोहन भट्टराईले सत्य र तथ्यका लागि लड्ने पत्रकारले इतिहासको तथ्यका सम्मान गर्नुपर्ने धारणा व्यक्त गरेका थिए।

नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्ष कृष्णप्रसाद भट्टराईलाई मान्ने गरिएको छ। २००८ सालमा नेपाल पत्रकार संघको स्थापना गर्दा श्रेष्ठ अध्यक्ष भएकाले उनलाई महासंघको संस्थापक अध्यक्ष घोषणा गर्नुपर्ने फोनिजको माग रहेको छ।



नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) ले नेपाल पत्रकार महासंघ कोशी प्रदेशका महासचिव विवेक गौतमलाई ज्ञापनपत्र बुझाउँदै। फोटो : राजेश राजवंशी

स्वर्गीय श्रेष्ठ २००८ सालमा नेपाल टुडेको सम्पादक थिए। उनकै सभापतित्व र तरंगका सम्पादक भोजवहादुर सिंह न्यौपाने सचिव रहेको पहिलो पत्रकार संघको गठन भएको थियो। यसैले नेपाल पत्रकार संघका पहिलो सभापति सत्यनारायण बहादुर श्रेष्ठ नै रहेको तर्क गर्ने गरिएको छ।

उनकै सभापतित्वमा गठन भएको नेपाल पत्रकार संघको दोस्रो सभा २००९ साल वैशाख २८ गते भोटाहिटीस्थित आर्य समाजको भवनको सभा कक्षमा भएको थियो। यो सभाले पनि सत्यनारायण बहादुर श्रेष्ठकै सभापतित्वमा नेपाल पत्रकार संघ पुनर्गठन गरेको थियो। यसको तीन वर्षपछि मात्र दोस्रो नेपाल पत्रकार संघको गठन भएको थियो।

२०१२ साल चैत्र १६ गते पत्रकारहरुको बैठकबाट नेपाल पुकारका तत्कालीन सम्पादक कृष्णप्रसाद उपाध्याय भट्टराई सभापति भएका थिए। सत्यनारायणबहादुर श्रेष्ठ भन्दा चार बर्ष पछि मात्रै नेपाल पत्रकार संघको अध्यक्ष बनेका कृष्णप्रसाद भट्टराईलाई संस्थापक सभापति भन्ने गरिएको प्रति फोनिजले आपत्ति जनाउँदै आएको छ। फोनिजले आज देशभरीको शाखा कार्यालय र प्रदेश कार्यालयहरुमा सत्यनारायण बहादुर श्रेष्ठलाई संस्थापक अध्यक्ष कायम गरिनुपर्ने माग राख्दै ज्ञापनपत्र बुझाएका छन्।

फोनिजको तर्फबाट अनुशासन समितिका संयोजक अर्जुन जम्मेली राई, फोनिज प्रदेश १ का इन्चार्ज भक्तशेर लिम्बु, अध्यक्ष सन्तवीर लामा, सल्लाहकार फिबराज बेघा, सचिब अनिल श्रेष्ठ सदस्य राजेश कुमार राजवंशी लगायतको उपस्थितीमा नेपाल पत्रकार महासंघ मोरङ शाखा र नेपाल पत्रकार महासंघ कोशी प्रदेश मार्फत केन्द्रमा ज्ञापन पत्र बुझाएका छन्।

सात दिन भित्र माग पुरा नभए नेपाल पत्रकार महासंघका सबै फागुन २१ गते तालाबन्दी गर्ने फोनिजले चेतावनी दिएका छन्।

# व्यवसायी सम्बन्धि सम्पूर्ण काम वडाबाटै उपलब्ध

धनकुटा। धनकुटा नगर क्षेत्रमा व्यवसाय दर्ता, नवीकरणसहित व्यवसाय सम्बन्धी सम्पूर्ण काम वडा कार्यालयबाटै उपलब्ध गराउने भएको छ। नगरपालिकाले वडालाई अधिकार प्रत्यायोजन गरेर व्यवसाय सम्बन्धी सम्पूर्ण काम वडा कार्यालयबाटै हुने व्यवस्था मिलाएको हो।

यसअघि व्यवसाय दर्ता, नवीकरण, नामसारी, कारोबार थप, लगत कट्टा, व्यवसाय तथा बहाल कर दाखिला लगायतका लागि नगरपालिका कार्यालय नै पुग्नुपर्ने बाध्यता थियो। तर, अब व्यवसायसँग सम्बन्धी सम्पूर्ण काम वडाबाटै हुने गरी अधिकार प्रत्यायोजन गरिएको धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङले जानकारी दिए।

व्यवसायीहरुलाई सजिलो बनाउँन हामीले वडालाई अधिकार प्रत्यायोजन गरेका छौं, व्यवसायसँग सम्बन्धी कामका लागि अब नगर पालिका आइरहनु पर्दैन, वडाबाटै सबै काम हुन्छ,' नगर प्रमुख तामाङले भने, 'यसले व्यवसायीहरूलाई निकै सहज हुनेछ।'

व्यवसाय दर्ताका लागि यसअघि वडा कार्यालयले सर्जमिन मुचुल्का गरेर नगरपालिकालाई सिफारिसको काम मात्र गर्दै आएको थियो। नगर कार्यपालिकाको निर्णयपछि व्यवसाय दर्ता, नवीकरणसहित व्यवसायसँग सम्बन्धित सबै काम वडाबाटै गर्न थालिएको धनकुटा-४ का वडाध्यक्ष जम्सेर छाराले जानकारी दिए। सेवा सुरु गर्नुअघि १० वटै वडाका कर्मचारीलाई प्रशिक्षण दिइएको छ।

धनकुटा नगरपालिकाका राजश्व अधिकृत राजु गुरागाईंका अनुसार नगरमा करिब तीन हजार व्यवसाय दर्ता छन्। वार्षिक करिब दुई सय नयाँ व्यवसाय दर्ता हुने गरेका छन्।






# शरीरलाई गर्मीमा फाईदा गर्ने दश फलफूल

गर्मीमा हाइड्रेटेड रहनु निकै महत्त्वपूर्ण हुन्छ। गर्मीमा हाइड्रेटेड रहन फलफूलहरू खानु सबैभन्दा उत्तम तरिका हो। फलफूलहरूले तत्काल ऊर्जा प्रदान गर्दछ र थकान कम गर्न मद्दत गर्दछ। फलफूलले शरीरलाई हाइड्रेटेड राख्छ। गर्मी महिनामा केके फलफूल खाने भन्ने चर्चा गरौं :

१. तरबुजा : तरबुजा बिना गर्मी मौसम अधुरो जस्तै छ। यो गर्मी मौसममा खाइने सबैभन्दा राम्रो र चिसो फल हो। तरबुजा स्वस्थ र सस्तो पनि हुन्छ। यो पानी सँगै भिटामिन 'ए र सी'को पनि राम्रो स्रोत हो। भिटामिन ए ले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ र आँखाको लागि राम्रो गर्छ। भिटामिन सीले रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ। तरबुजामा भिटामिन बी६ र पोटासियम पनि हुन्छ। पोटासियमले शरीरमा पानीको सन्तुलन कायम राख्छ भने भिटामिन बी६ ले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ। पोटासियमले मांसपेशी दुख्नबाट पनि बचाउँछ र मुटुलाई पनि स्वस्थ राख्छ। तरबुजा खाँदा छालालाई घामको किरणबाट हुने क्षतिबाट बच्न समेत मद्दत गर्छ।

२. आँप : आँपकै कारण गर्मी मन पराउने मानिसहरू धेरै छन्। आँप क्यालोरीमा उच्च भएता पनि पोषक तत्त्वको एक धनी स्रोत हो। आँपलाई 'फलफूलको राजा' भनेर चिनिनुका केही कारण छन्। यसमा फाइबर, २० प्रकारका खनिज र भिटामिन पाइन्छ। फाइबरले पाचनमा मद्दत गर्छ र पेट भरि राख्न मद्दत गर्छ। आँपमा भिटामिन ए, सी र पोटासियम पनि प्रशस्त पाइन्छ।

३. मेवा : गर्मीमा खान सकिने अर्को फल हो- मेवा। मेवामा भिटामिन ए, सी, फोलेट र विभिन्न फाइटोकेमिकल्स जस्ता पोषक तत्त्वहरू हुन्छन्। यसले अपच कम गर्न पनि मद्दत गर्दछ। मेवा बिटा क्यारोटिनको राम्रो स्रोत पनि हो। यसले छालाको क्षतिलाई रोक्छ। मेवामा एन्टिअक्सिडेन्टको पनि राम्रो मात्रामा हुन्छ र यसले क्यान्सर र गम्भीर हृदय रोगहरूबाट बचाउन मद्दत गर्दछ।

४. अम्बा : अम्बा गर्मीमा स्वास्थ्यलाई फाइदा गर्ने फल हो। अम्बा मधुमेह रोगीहरूको लागि राम्रो छ। यसले रगतमा चिनी र इन्सुलिनको स्तर सन्तुलित राख्न मद्दत गर्छ। यसमा घुलनशील फाइबर र पोटासियम को उच्च सामग्री हुन्छ। दिनको एउटा अम्बाले मेटाबोलिज्म, अनुहार, आँखाको ज्योति र मानसिक स्वास्थ्यमा सुधार ल्याउन सक्छ। महिनावारीको दुखाइ कम गर्न अम्बा पनि खान सकिन्छ।

५. स्ट्रबेरी : स्ट्रबेरीलाई छालाको समस्या, दाँत सेतो पार्ने र पाचन समस्याका लागि प्रयोग गरिन्छ। स्ट्रबेरीमा फाइबर, भिटामिन सी र म्यांगनीज पनि प्रशस्त हुन्छ। स्ट्रबेरीमा फोलेट र पोटासियमको पर्याप्त मात्रा पनि पाइन्छ। गर्मीमा स्ट्रबेरी खाँदा छाला र स्वास्थ्य समस्याबाट बच्न सकिन्छ।

६. आलुबखडा : आलुबखडामा प्रशस्त पौष्टिक तत्त्व पाइन्छ। यसमा फाइबर र सोर्बिटोल हुन्छ जसले कब्जियत र अन्य पाचन सम्बन्धी समस्याहरूलाई कम गर्न मद्दत गर्छ। आलुबखडाले रक्तचापको स्तरलाई कायम राखेर र स्ट्रोकबाट जोगाएर मुटुलाई स्वस्थ राख्छ। आलुबखडाको सेवनले स्तन क्यान्सर र टाइप-२ मधुमेहको जोखिम कम गर्छ।

७. अङ्गुर : अङ्गुर गर्मीमा सजिलै पाइने फल हो। यो पोटासियमको एक धनी स्रोत हो। उच्च कोलेस्ट्रोल भएकाले समेत अङ्गुर खानु राम्रो मानिन्छ। अङ्गुरले मुटुलाई स्वस्थ राख्छ। अङ्गुरले धेरै भाइरल इन्फेक्सनलाई पनि रोक्छ र आँखाको क्षयलाई रोक्छ। यसले अपच कम गराउँछ र स्तन क्यान्सरसँग लड्न मद्दत गर्छ।

८. भुइँकटहर : भुइँकटहर गर्मीमा सबैभन्दा धेरै रुचाइने फल मध्य एक हो। भुइँकटहरले मेटाबोलिज्म बढाउन मद्दत गर्दछ। यसले उच्च रक्तचापका बिरामीलाई समेत फाइदा गर्छ।

९. लिची : लिची र आँप गर्मीमा मात्र पाइने दुई फल हुन्। लिची पोटासियम, पोलिफेनोल र भिटामिनको ठूलो स्रोत हो। जसले शरीरलाई धेरै फाइदा गर्छ। एन्टिअक्सिडेन्टले भरिपूर्ण लिचीले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ।

१०. किवी : किवी सबैभन्दा पोषक तत्त्वले भरिएको फल हो। यसमा भिटामिन ए, सी, र बी ६, म्याग्नेसियम र फलाम पाइन्छ। किवीले रगतमा हेमोग्लोबिनको मात्रा र शरीरमा क्षारीय सन्तुलन कायम राख्न मद्दत गर्छ। किवीले निद्रा सम्बन्धी समस्याहरू पनि मद्दत गर्दछ। यो हृदय, छाला, कपाल र कलेजोको लागि फाइदाजनक छ।

**ट्राफिक नियमको पालना गरौं। सडक सुशासन कायम गरौं।।**

# १६३ स्थानमा जीवन विकासको वार्षिक उत्सव




विराटनगर । जीवन विकास लघुवित्त वित्तीय संस्थाले १६३ स्थानमा पाँचौं वार्षिक उत्सव विविध कार्यक्रम गरी मनाएका छन् ।

जीवन विकास समाजद्वारा प्रवर्द्धित जीवन विकास लघुवित्तले २४ जिल्लामा १६० शाखा मार्फत वित्तीय सेवा प्रवाह गरिरहेको छ । ती शाखाहरुले १६३ स्थानमा कार्यक्रम गरी वार्षिक उत्सव मनाएको हो ।

लघुवित्तका प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डलका अनुसार वार्षिक उत्सवमा लघुवित्तका ६६ वटा शाखाले विद्यालय सरसफाइ तथा डस्टबिन वितरण, हाजिरजवाफ प्रतियोगिता र शैक्षिक सामग्री वितरण गरेका छन् । २७ शाखाले बजार सरसफाइ गरी डस्टबिन वितरण गरेका छन् । २४ वटा शाखाले मन्दिर सरसफाइ गरेका छन् ।

त्यसैगरी १५ वटा शाखाले १५ परिवारका लागि श्रमदान गरेर घर निर्माण गरेका छन् । १५ वटा शाखाले वृक्षरोपण गरेका छन् । ७ वटा शाखाले अति विपन्न सात परिवारलाई सहयोग गरेका छन् ।

लघुवित्तका शाखाहरुले वृद्धा आश्रममा खाद्यान्न तथा फलफूल वितरण, स्वास्थ्य शिविर, अनाथ तथा अति विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री वितरण, रक्तदान, बालबालिका अध्ययन केन्द्र उद्धाटन कार्यक्रम गरेका थिए ।

जीवन विकासको विराटनगर शाखाले सुनसरीको बर्जू गाउँपालिका-२ की एकल तथा अशक्त महिला सहगिया मुखियाका लागि घर निर्माण गरिदिएको थियो । मुखियाको घर निर्माणका लागि लघुवित्तका प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डल, नायब प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मी, लघुवित्तका कर्मचारी, स्थानीय, जनप्रतिनिधि र लघुवित्तले गठन गरेको थ्रि जिरो क्लबका सदस्यले श्रमदान गरेका थिए ।

# प्रतिबन्धित लागु औषध सहित एकाईस पक्राउ

बिराटनगर । झापा र मोरङ जिल्लाको छुट्टाछुट्टै स्थानहरुबाट लागुऔषध ब्राउनसुगर र प्रतिबन्धित औषधी सहित २१ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बुधवार झापाको मेचिनगर नगरपालिका- ६ स्थितमा लागुऔषधको बेचबिखन भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र ईलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले अर्जुनधारा-१० घर भई मेचिनगर-६ डेरा गरी बस्ने २६ बर्षीय प्रकाश पौडेल, अर्जुनधरा- १० का २२ बर्षीय पुजन तामाङ र काठमाण्डौ-१६ का ३० बर्षीय ईश्वर अधिकारीलाई शंका लागि चेकजाँच गर्दा उनिहरुको साथबाट ४७ ग्राम ब्राउन सुगर फेला पारी नियन्त्रणमा लिएको थियो ।

त्यस्तै अस्थायी प्रहरी पोष्ट बसपार्क झापाबाट खटिएको प्रहरी टोलीले अर्जुनधारा- ११ का २२ बर्षीय बिनम उराउ र ३० बर्षीय कुमार सुब्बालाई ब्राउनसुगर १ ग्राम ५९० मिलिग्राम सहित पक्राउ गरेको थियो । झापाको बिर्तामोड नगरपालिका-६ बुट्टाबारी चौकबाट अर्जुनधारा-११ का २५ बर्षीय सुरज बिश्वकर्मालाई २ ग्राम २५० मिलिग्राम र बिर्तामोड- ५ का १९ बर्षीय जगत दनुवारलाई ८ सय ५० मिलिग्राम ब्राउनसुगर सहित ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

ईलाका प्रहरी कार्यालय गौरीगंजबाट खटिएको प्रहरी टोलीले गौरीगंज- ५ बाट ४८ बर्षीय सन्तोष दास र ४० बर्षीय बिजय दासलाई क्उबक ८ ट्याब्लेट सहित पक्राउ गरेको हो भने मोरङको बिराटनगर- १७ स्लामपुर स्थित अस्थाई प्रहरी पोष्ट मटेरुवाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउदै गरेको ग. ५ प. ३७२ नम्बरको मोटरसाईकल रोकी चेकजाँच गर्दा मोटरसाईकल चालक बिराटनगर- १२ का ४० बर्षीय प्रभात कटुवालको साथबाट २४ मिलिग्राम ब्राउनसुगर फेला पारी पक्राउ गरेको थियो ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सुरक्षा सुनिश्चितता अभियान २०८० अनुसार परिचालन भएको प्रहरी टोलीले बेलबारी-२ का २४ बर्षीय निशान लिम्बु, बेलवारी-६ का २३ बर्षीय धिरज राई, ईटहरी-२ का २८ बर्षीय बिमल सुब्बा लिम्बु, केराबारी-८ का २३ बर्षीय बिक्रम कार्की, २२ बर्षीय लक्ष्मण कट्वाल, धरान-१७ का २२ बर्षीय सनम परियार, धरान-१५ का २१ बर्षीय राम परियार, ४३ बर्षीय रुबिन श्रेष्ठ, २९ बर्षीय कुमार खत्री, धरान-५ का २४ बर्षीय थाम बहादुर बि.क. र २४ बर्षीय अर्जुन बि.क.लाई लागुऔषध सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका उनीहरुको साथबाट प्रहरीले लागुऔषध ट्याब्लेट ५ हजार १ सय ६४ पिस, एम्पुल ९८ पिस, ब्राउनसुगर ८ ग्राम र नगद अन्ठानब्बे हजार ५ सय तथा बिभिन्न ब्यक्तिको नामका १३ थान नेपाली

# चीनमा किन बढिरहेको छ पुरुषले मेकअप गर्ने ट्रेण्ड ?

महिलाहरुको मेकअप गर्ने तथा मेकओभरका बारेमा सबैलाई थाहै छ । महिला श्रृंगारको विश्व बजार पनि उल्लेखनीय नै छ ।

विश्वभरका महिलाहरुले आफूलाई सुन्दर देखाउनका लागि मेकअपका अलावा प्लास्टिक सर्जरीसम्मको उपयोग गर्ने गर्छन् । तर, एउटा देशमा अवस्था निकै धेरै बदलिँदै गरेको देखिन्छ । त्यहाँ पुरुषहरुमा मेकअप गर्ने ट्रेण्ड तीव्र रुपमा बढिरहेको छ ।

पुरुषहरु श्रृंगारपटारमा यति बिघ्न लिप्त भैरहेका छन् कि उनीहरुले महिलालाई नै पछि पारेका छन् ।

वास्तवमा महिलाहरुलाई आफूप्रति आकर्षित गर्नका लागि त्यहाँका पुरुषहरुले मेकअपको सहारा लिन थालेको बताइन्छ ।

यस्तो मेकअपबाट रोमान्टिक पार्टनर आफूतर्फ आकर्षित हुने सम्भावना बढ्ने आशाले पुरुषहरुले मेकअप गर्ने गरेको दाबी गरिएको छ ।

पुरुषहरुमा मेकअपको ट्रेण्ड अचाक्ली बढिरहेको देश अरु कुनै होइन, छिमेकी मुलुक चीन हो । समाचार अनुसार चीनमा अविवाहित पुरुषहरुले डेटिंगमा जानुभन्दा अगाडि मेकअप तथा मेकओभर गर्ने चलन बढेको छ ।

साउथ चानइना मर्निङ पोष्टमा प्रकाशित रिपोर्टमा त्यगतष्बय न्यूजलाई उधृत गर्दै लेखिएको छ कि चिनियाँ पुरुषहरुको युवापुस्ताले पछिल्लो समयमा आफ्नो अनुहार राम्रो देखाउनमा निकै ध्यान दिन थालेका छन् । त्यसैले कुनै केटीसँग डेटमा जानुअघि मेकअप गर्ने गर्छन्, उनीहरु ।

चीनमा चन्द्रमास अनुसारको नयाँ वर्षलाई ब्लाइन्ड डेटका लागि निकै उत्तम समय मानिन्छ । त्यसैले यही बेला त्यहाँ पुरुषको मेकअप गरिदिने व्यवसाय निकै चम्किएको छ ।

सिचुआन प्रान्तमा बस्ने मेकअप आर्टिस्ट जियाओदानका अनुसार परामर्श सेवाको शुल्क मात्रै २ सय युआनसम्म बढेको छ । त्यो कुनैबेला ६० युआनसम्म हुने गर्दथ्यो ।

रोचक त के भने पुरुषमा मेकअप सर्भिसको सर्वाधिक माग ग्रामीण क्षेत्रमा हुने गरेको छ । खासगरी जियांग्सी प्रान्तमा । त्यहाँ घरमा पाका मानिसहरुले घरका अविवाहित पुरुष सदस्यका लागि एक दिनमै एकभन्दा धेरै ब्लाइन्ड डेटको व्यवस्था गरिदिने गरेका छन् ।

मेकअप आर्टिस्ट जिया ओदान भन्छन्– पहिलो पटक देख्दा मनमा पर्ने छापको बारेमा कसलाई पो थाहा छैन र ? आजकल अधिकांश पुरुषहरु मेकअप गर्न रुचाउँछन् । चन्द्रमास नयाँ वर्षको हप्तामा हुने लामो छुट्टीका क्रममा पुरुष मेकअपको लागि मेरो सबै समय बुक भएको थियो । मैले दैनिक कम्तिमा २ जना पुरुषलाई सेवा दिनुपर्छ ।

गुआंगडोंग प्रान्तका मेकअप आर्टिस्ट कोकोले समेत आफ्नो समयतालिका निकै व्यस्त रहेको बताउँछन् । गत महिना उनले ३६ जना पुरुषहरुको मेकअप गरिदिए । यो फेब्रुअरी महिनामा पनि उनको बुकिंग भरिएको छ ।

उनका अनुसार अहिले पुरुषहरु पनि आफ्नो रंग तथा आँखीभौंलाई लिएर सजग बन्दैछन् । कसैले कपाललाई दोहोराएर स्टाइलिस गराउन भन्छन् । मेकअप गर्दा पुरुषहरुको आत्मविश्वास बढ्ने उनी बताउँछन् ।

चीनको सरकारी तथ्यांक अनुसार सन् २०१८ मा चीनमा २४ करोड एकल व्यक्तिहरु छन् । २० देखि ४९ वर्षका एकल व्यक्तिहरुमा महिलाको तुलनामा एकल पुरुषहरुको संख्या अधिक थियो ।

चाइना तथ्यांक वर्ष पुस्तक २०२२ का अनुसार सन् २०२२ मा चीनमा बिहे गर्नेको संख्या घटेर ६८ लाख ३० हजार भएको थियो, जुन अघिल्लो वर्षको तुलनामा ८ लाख ३ हजार कम हो ।

NO SMOKING

## गाउँबासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- गाउँपालिमामा मा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- गाउँपालिका भित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

धनपालथान गाउँपालिका,
गाउँ कार्यापालिकाकाको कार्यालय, मोरंग
कोशी प्रदेश

## तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर

बिरामीहरूको लागि खुशीको खबर !!

ल्याब जाचमा ५०% सम्मको छुट

सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

नि:शुल्क सुगर जाँच

यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।

## हिन्दु...

जनमत संग्रहमा गएर हिन्दु राष्ट्र बनाइसक्नु पर्ने थियो ।

त्यसैले आजका दिनमा यस्ता हावामा खडा भएका संकथनहरू चिर्न अनिवार्य बनेको छ ।

तीन, उदारवादीहरूको एउटा झुकाव कस्तो मान्यतातिर भएको म देख्छु भने, गल्ती त बहुसंख्यकहरूले गर्छन्, अक्सर अल्पसंख्यक सही नै हुन्छन् । अल्पसंख्यक गलतै भए पनि त्यसमा बोलिहाल्नु आवश्यक हुँदैन भन्ने पनि धेरैलाई लाग्छ ।

यो तर्क काट्न म भारतीय विश्लेषक र अभियन्ता हर्ष मन्दरलाई उद्धृत गर्छु हालै काठमाडौंमा भएको लामो संगतमा उनले मलाई भनेका थिए-भारतका पूर्वोत्तर राज्यहरूमा इसाइहरूको बाहुल्य छ तर त्यहाँ सबैजसो राज्य सरकार हिन्दुत्ववादी भाजपाका छन् ।

कारण-भारतका अरू सबैजसो भूभागमा अहिले मुसलमानसँगै इसाइहरूमाथि थिचोमिचो उत्कर्षमा छ तर पूर्वोत्तरमा हिन्दु र इसाइहरूको साझा वैरीका रूपमा मुस्लिमहरूलाई खडा गर्न भारतको सत्ता संस्थापन सफल छ । दक्षिण भारतको केरालामा पनि इसाइ धर्मगुरुहरूले हिन्दुत्ववादीहरूसित मिलेर इस्लामद्वेषी प्रोपागान्डा फैलाइरहेका छन् ।

पूर्वोत्तरमा हिन्दुत्व र इसाइबीच कस्तो तालमेल छ भने, अघिल्लो वर्ष फेब्रुअरीमा भाजपाका मेघालय प्रमुख अर्नेस्ट माओरीले खुलेआम भनेका थिए-हाम्रो प्रदेशमा गाईको मासु खान कुनै प्रतिबन्ध छैन, म आफैं त्यो खान्छु ।

भारतका अन्य भागमा गाई गाडीमा राखेर ओसारेको भरमा मान्छे मार्ने हिन्दुत्ववादीहरूलाई पूर्वोत्तरमा माओरीजस्ता मानिसहरूसित मिलेर सत्तामा पुग्नमा कुनै समस्या छैन किनकि अन्ततः हिन्दुत्व भनेको धार्मिक नभई राजनीतिक परियोजना हो ।

त्यसैले भारतको पूर्वोत्तरका इसाइहरूलाई के लाग्यो भने सन् २०१४ पछि केन्द्रमा अपराजेय रहेको भाजपासित मिलेर सत्ता चलाउनमा खराबी के नै पो छ र ? आखिर सत्ता र शक्तिमा रहे पो त आफ्नो समुदायको भलो गर्न सकिन्छ । आफ्नो भलो भएपछि समानता, बहुलता, न्यायजस्ता कुरा किन पो चाहिए र ?

हुन पनि जब भारतमा विवादास्पद नागरिकता ऐन संशोधनसम्बन्धी कानुन आयो, त्यसले मुसलमान समुदाय एक्लैलाई निषेध गर्‍यो, इसाइहरूलाई गरेन ।

तर यसबीच पूर्वोत्तर भारतका इसाइहरूले के बिर्सेका थिए भने भाजपा र आरएसएसको उद्देश्य मुसलमानहरूलाई निषेध गर्नु मात्रै थिएन, हिन्दु आधिपत्य स्थापित गर्नु थियो ।

मन्दर भन्दै थिए-त्यहाँको वैष्णव आस्था मान्ने मैतेइ हिन्दु समुदायलाई उग्रवादतिर धकेल्न आरएसएसले दशकौंदेखि मणिपुरमा काम गरिरहेको थियो। परिणामस्वरूप हिंसाको विस्फोट भयो अघिल्लो वर्षको मे महिनामा हिन्दु मैतेइ र इसाइ कुकीहरूबीच ।

आजका दिनसम्म पनि मणिपुरमा गृहयुद्धको जस्तो अवस्था कायम छ। सयौंको मृत्यु भइसकेको छ भने हजारौं घाइते र बीसौं हजार विस्थापित छन् ।

घृणाको आगो यस्तो छ कि हत्या र बलात्कारदेखि अर्को समुदायका महिलाहरूलाई नग्न परेड गराउने, पुलिससित खोसेर भीडले मानिसको हत्या गर्ने, पुलिस चौकीहरू लुटेर मिलिसियाहरूले हजारौं हतियार बटुल्नेजस्ता कामहरू भइरहेका छन् ।

हिंसाबीच मानवता कति क्षतविक्षत भएको छ भने दशकौंदेखि राज्यको दमनका विरुद्ध राँको बालेर न्यायको लडाइँ लड्ने गरेको मेइरा पैबीजस्तो महिला संगठनले अर्को ( कुकी) समुदायकी महिलालाई छोपेर पुरुष मिलिसियाहरूलाई सुम्पेको छ जसले उनलाई मरणासन्न हुने गरी सामूहिक बलात्कार गरेका छन् ।

अवस्था कतिसम्म बिग्रेको छ भने अघिल्लो वर्ष एउटा भिडिओ सार्वजनिक भएको थियो जसमा मणिपुरको प्रहरी र आसाम राइफलका सिपाहीहरूबीच विवाद चर्किँदै गएर मुस्किलले गोली हानाहानको अवस्था आउनबाट रोकिएको थियो ।

कारण-मैतेइप्रधान प्रहरीले आसाम राइफललाई कुकीहरूप्रति नरम भएको आरोप लगाउँदै आएको छ । त्यही विषयलाई लिएर भारत राज्यका दुई सुरक्षा निकायबीच सार्वजनिक विज्ञप्तिहरूमार्फत समेत विवाद र आरोप-प्रत्यारोप छताछुल्ल भएको थियो ।

सन् २०२२ मा निर्वाचित मणिपुरको संसदमा ६० मध्ये त्यहाँ द्वन्द्व सुरू हुँदा ५४ सांसद भाजपा नेतृत्वको सत्ता गठबन्धनतिर थिए । त्यसमा दुई सिट ल्याएको कुकी पिपुल्स अलायन्ससमेत आबद्ध थियो जसलाई मूलतः इसाइ कुकीहरूले निर्वाचित गरेका थिए । कम्तीमा सात जना कुकीहरू त भाजपाबाटै संसदमा निर्वाचित थिए ।

जब हिंसा सुरू भयो र मुख्यमन्त्री बीरेन सिंहले मैतेइहरूको युद्ध सरदारजस्तो व्यवहार गर्न थाले, कुकी पार्टी सत्ताबाट बाहिरियो । तर तबसम्म धेरै ढिलो भइसकेको थियो । मुख्यमन्त्रीलाई भेटेर निस्किँदै गर्दा मैतेइहरूको भीडले अघिल्लो वर्ष मे ४ मा भाजपाकै कुकी सांसद भुंगजाजिन भाल्तेलाई मरणासन्न हुने गरी हमला गर्न पुगे ।

आज मणिपुर मात्रै होइन, पूर्वोत्तर भारतका नागाल्यान्ड, आसाम, मेघालय, मिजोरम र त्रिपुरामा फैलिएका कुकीलगायत इसाइ धर्मावलम्बी आदिवासीहरू चरम् असुरक्षा भावले घेरिएका छन् । कतै पनि कुनै बेला साम्प्रदायिक हिंसा सुरू हुने, राज्यको सुरक्षा जत्थाले एउटा पक्ष लिने र अल्पसंख्यकहरूमाथि भीषण हिंसा हुने खतरा टड्कारो छ ।

यसरी हिजो मुसलमानहरूलाई राज्यले घेराबन्दी गरेर निशाना साँध्दा चुप लागेर बसेका र कति ठाउँमा त शक्ति हासिल गर्न वा सत्ता संस्थापनलाई खुसी पार्न हिन्दुत्वकै भाषा बोलेका उनीहरूका लागि बोलिदिने अहिले कोही छैन । मणिपुरमा हिंसाको आगो अझै निभेको छैन । भुसको आगोझैं फैलिइरहेको वैमनस्य बेला बेला भयावह हिंसाका रूपमा विस्फोट हुने गरेको छ ।

त्यसैले नेपालका अल्पसंख्यक समुदायलाई मेरो सल्लाह छ-उत्तेजना वा क्षणिक लाभका पछाडि आँखा चिम्लेर लाग्नु अगाडि ठण्डा दिमागले सोच्ने गरौं। न्याय, समभदारी र सहअस्तित्वको भाषा बोलौं र व्यवहार गरौं। एउटा समुदायले अर्कोलाई निल्ने भन्ने निषेधकारी भाषा प्रयोग गर्न बन्द गरौं ।

अब हेरौं आजको नेपालमा हिन्दु राष्ट्र हुनुपर्छ भन्ने कित्ताका मानिसहरूले के गल्ती गरिरहेका छन् ।

यो कित्ताको पल्लो छेउमा हुनेहरू भन्दैछन् – नेपालमा हिन्दु राष्ट्र नहुनाले हिन्दुहरू पछि पर्‍यौं, अब नेपाललाई हिन्दु राष्ट्र बनाएर हामी अघि लाग्नुपर्छ ।

अनि बीचमा हुने धेरैलाई त्यस्तो तर्कले प्रभावित पनि गर्ने गरेको छ ।

भारतमा जस्तै नेपालमा पनि धेरै आममानिसलाई के लाग्छ भने, यसै बहुसंख्यक हिन्दु भएको देशमा संविधानमा हिन्दु राष्ट्र लेखिँदैमा के नै पो फरक पर्छ र !

तर भारत वा आस्थाको राजनीति मूलधारमा रहेको संसारको कुनै पनि देशको अनुभवले के भन्छ भने त्यस खाले संवैधानिक प्रावधानको व्यवस्था त्यसका पक्षधरहरूका लागि सुरूआत मात्रै हो, गन्तव्य होइन ।

भारतकै कुरा गर्दा, दशकौंसम्म हिन्दुत्ववादीहरूले भने-रामको जन्मभूमि रहेको अयोध्याको बाबरी मस्जिद भत्काएर त्यहाँ मन्दिर बनाउने हो भने हिन्दुहरूको आत्मसम्मान फर्किन्छ । त्यसैले हामीले माग्ने त्यत्ति मात्र हो ।

अयोध्यामा राम मन्दिर बनेर उद्घाटन पनि भयो तर अब उनीहरूको बोली फेरिएको छ-अयोध्या, काशी र मथुरामा त हो हामीले मस्जिदका ठाउँमा मन्दिर मागेको ।

राम मन्दिर उद्घाटन लगत्तै भारतका विभिन्न ठाउँहरूमा मस्जिदहरूमाथि गेरुवा झन्डा फहराउने काम भयो। हिन्दुहरूका चाडहरूमा मस्जिदअगाडि पुगेर उत्तेजक गीत चर्को स्वरमा बजाएर नाच्ने, ढुंगामुढा गर्ने र दंगा सुरू गर्ने अभ्यास त भारतबाट नेपालमा समेत आयात भइसकेको छ ।

भारतभर अहिले मस्जिद हरू को ठाउँमा मन्दिर बनाउने अभियान सडकदेखि न्यायालयसम्म प्राथमिकतामा परेको छ र त्यसैमा चुनावको नतिजा निर्भर हुने अवस्था बन्दै गएको छ। यो वर्ष भारतमा हुने आम चुनावपछाडि भाजपाले हिन्दु राष्ट्रको मुद्दा केन्द्रमा ल्याउने र त्यस क्रममा देशैभरका धर्मस्थल युद्धस्थलमा परिणत हुने खतरा अहिले टड्कारो छ ।

त्यसो हुनासाथ न्याय, विकास, समृद्धि, वातावरणको रक्षा, प्रदूषणको कटौती, शिक्षा र स्वास्थ्यको गुणस्तरजस्ता यावत विषय स्वभावतः ओझेल पर्नेछन् । भ्रष्टाचार, महँगी र सुशासनजस्ता एजेन्डाको त कुरै छाडौं । र, भारतको राजनीति ध्रुवीकरण र हिंसाको पर्याय बन्नेछ ।

त्यसको अन्तिम नतिजा के हुनेछ त ?

हर्ष मन्दर भन्छन् – पहिलो त नाजी जर्मनीमा यहुदीहरूको जस्तो हालत नभए पनि भारतमा मुस्लिमहरूको अवस्था बर्माका रोहिंग्याहरूको जस्तै हुनेछ – देशमा उभिने ठाउँ नपाउने, विदेशमा शरण नपाउने। यसै पनि भाजपा सरकारले आसाममा एनआरसी नामक अभ्यास गरेर १९ लाख मानिसहरूलाई विदेशी करार गर्दै हिटलरका 'कन्सन्ट्रेसन क्याम्प' सम्झाउने 'डिटेन्सन सेन्टर' मा पठाउने काम थालिसकेको छ ।

के त्यसो गर्दा पनि भारतका हिन्दुहरू सन्तुष्ट हुनेछन् त ?

मन्दर भन्छन् – हुने छैनन् । जसरी पाकिस्तानमा तीन प्रतिशत अल्पसंख्यक (हिन्दु, इसाइ र अहमदिया, सबै एक प्रतिशतको हाराहारी) का विरुद्ध आधा शताब्दी लामो वैरभाव साँधेर पनि त्यहाँका बहुसंख्यक मुस्लिमहरू असन्तुष्ट छन्, असुरक्षित छन् ।

कतिसम्म भने १२ वर्षअगाडि धर्मद्रोहका नाममा मृत्युदण्ड पाएकी गरिब इसाइ महिला आसिया बिबीप्रति सहानुभूति राखेका कारण पाकिस्तानको पन्जाबका गभर्नर सल्मान तसीरको उनकै अंगरक्षकले गोली हानी हत्या गरेका थिए । र, मानिसहरूले हत्यारालाई महान भनेर उसको बचाउ गरेका थिए ।

जसरी पाकिस्तानमा सैन्य तानाशाह जिया उल-हकले दशक लामो शासन गर्दा त्यहाँ उग्रवादी धर्मसत्ता स्थापित गरे, भारतमा आज मोदीले त्यही गर्दैछन् । हकले १९७८ मा पाकिस्तानमा सुरू गरेको निषेध र हिंसाको विषाक्त राजनीतिबाट आजपर्यन्त पाकिस्तानले त्राण पाउन सकेको छैन । भोलि कुनै चुनावमा भारतमा भाजपा हारिहाल्यो भने पनि उसले त्यहाँ सुरू गरेको वैमनस्यको साम्प्रदायिक राजनीति भारतमा अरू धेरै दशकसम्म चल्नेछ ।


त्यसैले नेपालमा हिन्दु राष्ट्रको राजनीतिक प्रयोग गर्न हतारिने नेताहरूले बुझ्नू - कुनै नेता वा धर्मगुरूले भाषण गरेझैं समाजमा कहिल्यै पनि एउटा समुदायलाई पछि धकेलेर अर्को समुदाय अघि बढ्न सक्दैन । एउटाको घाटा अर्काको नाफा पनि हुन सक्दैन । मानव समाजको चरित्र नै यस्तो छ कि समुदायहरू सँगसँगै अघि बढ्छन्, सँगैजस्तो पछि फर्किन्छन् ।

हिटलरले जर्मनीको श्वेत-इसाइ-आर्य नश्ललाई विश्वविजेता बनाउने सपना देखाएर यहुदीहरूको आमसंहार गर्‍यो र देशलाई युद्धमा होम्यो तर युद्ध सकिने बेलासम्म संसारमा आठ करोड हाराहारी मानिसहरू मारिएका थिए र तिनमा जर्मनहरूको पनि ठूलो संख्या सामेल थियो ।

त्यो युद्ध प्राविधिक रूपमा हिटलरका विरोधीहरूले जिते तर युद्धका क्रममा सिंगो मानवता हार्‍यो। मारिएका करोडौं मानिसहरू फेरि फर्केनन् र तिनका आफन्तहरूको जीवन फेरि उस्तै भएन ।

अन्तमा, भारतदेखि पाकिस्तान र जर्मनीसम्मको इतिहासबाट तानेर मैले यो लेखमा जति कुरा बताएँ, त्यो जान्नु र त्यसबाट पाठ सिक्नुको हामीसित विकल्प छैन, चाहे हामी यहाँ चर्चा भएको विषयको मत विभाजनमा जता सुकै परौं ।

त्यसैले आममानिससम्म यस विषयमा सही शिक्षा र सूचना पुर्‍याउनु तपाईं हामी सबैको कर्तव्य हो । सेतोपाटीबाट




# एम्बुलेन्समा लागुऔषध ओसारपसार गर्ने पक्राउ

विराटनगर । एम्बुलेन्सको प्रयोग गरी लागुऔषध गाँजा ओसार पसार गर्ने एक जनालाई धनकुटाको साँगुरीगढी गाउँ पालिका-६ भेडेटारबाट प्रहरीले शनिवार पक्राउ गरेको थियो ।

पक्राउ पर्नेमा विराटनगर महानगरपालिका-८ का ४८ वर्षीय जयदेव चेल रहेका छन् । एम्बुलेन्समा गाँजाको ओसार पसार भईरहेको भन्ने विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय भेडेटारबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले धनकुटाबाट धरान तर्फ जाँदै गरेको मे १ च २०३२ नम्बरको एम्बुलेन्स लाई रोकेर चेकजाँच गर्दा लागुऔषध गाँजा बरामद भएको थियो ।

उक्त एम्बुलेन्स भित्र लुकाई छिपाई राखेको ५२ केजी गाँजा बरामद भए सँगै चालक चेललाई पक्राउ गरिएको थियो । घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ ।

# झापा, मोरंग र सुनसरीबाट लागुऔषध सहित सात पक्राउ

विराटनगर । झापा, मोरङ र सुनसरी जिल्लाको छुट्टा छुट्टै स्थानहरुबाट लागुऔषध सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बिहीवार झापाको मेचिनगर नगरपालिका- ६ बसपार्क स्थितबाट जिल्ला प्रहरी कार्यालय झापा र ईलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले बिर्तामोड-४ का २१ वर्षीय रबिन चौधरीको साथबाट २ ग्राम ब्राउनसुगर र नेपाली नगद २२ हजार ६ सय रुपैया समेत फेला पारी नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी सोही दिन प्रहरी बिट मेचिपुल झापाबाट खटिएको प्रहरी टोलीले साईकल यात्री धरान-१२ सुनसरी घर भई हाल भद्रपुर-७ स्थित बस्दै आएका ३८ वर्षीय सुबर्ण श्रेष्ठलाई भद्रपुर-५ स्थितबाट ईन्जेक्सन लिक्विड ६ थान फेला पारी पक्राउ गरेको थियो ।

लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले मोरङको लेटाङ-९ का ३२ वर्षीय भिम भण्डारीलाई मोरङको विराटनगर-१६ हुलास चौक स्थितबाट १ ग्राम ९६ मिलिग्राम ग्राउन सुगर सहित पक्राउ गरेको थियो । मिक्लाजुङ गाउँपालिका-६ मोरङका २६ बर्षीय रविन लिम्बुलाई प्रतिबन्धित औषधी ट्रामाडोल १८२ क्याप्सुल र डोकोलिक २६७ क्याप्सुल सहित ईलाका प्रहरी कार्यालय मधुमल्लाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

त्यस्तै अस्थायी प्रहरी पोष्ट अमरहाटबाट खटिएको प्रहरी टोलीले सुनसरीको धरान उप-महानगरपालिका-१३ स्थितमा भेडेटारबाट धरानतर्फ आउँदै गरेको मे. ७ प ७३७५ र प्रदेश १-०२-०५३ प ७६६० नम्बरको मोटरसाईकल रोकी चेकजाँच गर्दा उक्त मोटरसाईकलबाट ११ के.जी. गाँजा बरामद गरेसँगै चालक कन्काई- १ का ३६ बर्षीय धन बहादुर मुखिया, मोटरसाईकल मा पछाडी सवार ३५ बर्षीया गंगा दर्जी र सहिदभुमी गाउँपालिका-३ धनकुटाका २२ बर्षीय टेकेन्द्र राईलाई पक्राउ गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।


खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी

अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको सुहाउँदो हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र चुलोको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्ने नबिर्सौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर